# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, चैत २६ गते २०४३ साल (अतिरिक्ताङ्क ५७

## भाग ४

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना

श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारबाट मिति २०४३।१०।१५ देखि २०४३।११।११ सम्म गरिबक्सेको नेपाल अधिराज्यको सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको अनौपचारिक भ्रमणको सिलसिलामा विभिन्न महानुभावलाई प्रदान गरिबक्सेको मानपदवी, अलंकार, पदक तथा नगद पुरस्कार-सम्बन्धी खण्ड ३६, मिति २०४३।११।२४, अतिरिक्ताङ्क ४७ (क) को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस सचिवालयको सूचनामा देहायबमोजिम संशोधन गरिएको छः–

१. महेन्द्ररत्न भूषण महलको क्रमाङ्क ६ मा प्रधान अध्यापक श्री शिवरत्न उपाध्याय, पद्मोदय मा. वि., धनगढी, कैलालीको सट्टा प्रधान अध्यापक श्री शिवरत्न उपाध्याय, पञ्चोदय माध्यमिक विद्यालय, धनगढी, कैलाली गरिएको छ।

२. महेन्द्ररत्न भूषण महलको क्रमाङ्क १३ मा शिक्षक श्री किशन सिंह नायक, मेंलौली, बैतडीको सट्टा शिक्षक श्री कृष्ण सिंह नायक, मेलौली, बैतडी गरिएको छ।

३. महेन्द्ररत्न भूषण महलपछि राष्ट्र सेवा पदक महल थप गरिएको र सो राष्ट्र सेवा पदक महलको क्रमाङ्क १ मा श्री नरसिंह गिरी, बाजुरा राखिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. सेवा पदक महलको क्रमाङ्क १ र २ का क्रमशः सदस्य श्री धर्मबहादुर सिंह, जिल्ला पञ्चायत, बाजुरा र सदस्य श्री नरबहादुर सिंह, जिल्ला पञ्चायत, बाजुरालाई समाज सेवा पदक महलको क्रमाङ्क १ पछि क्रमाङ्क २ र ३मा राखिएको छ र त्यसपछि सोही समाज सेवा पदक महलमा क्रमाङ्क ४ र ५ थप गरी क्रमाङ्क २ र ३ मा उल्लेखित साबिक महानुभावहरूलाई राखिएको छ।

५. सेवा पदक महलको क्रमाङ्क ९ मा डी. ई. श्री लोकेन्द्रप्रताप ढकाल, डँडेलधुरा–डोटी सडक निर्माण आयोजनाको सट्टा सिनियर डिभिजनल इन्जिनियर (आयोजना प्रमुख) श्री लोकेन्द्रप्रसाद ढकाल, डँडेलधुरा–डोटी सडक निर्माण आयोजना गरिएको छ।

६. सेवापदक महलको क्रमाङ्क १४ मा अधिकृत श्री केशवबहादुर श्रेष्ठ, कृषि विकास बैंक, अञ्चल कार्यालय, कञ्चनपुरको सट्टा का. मु. अञ्चल प्रबन्धक श्री केशरबहादुर श्रेष्ठ, कृषि विकास बैंक, अञ्चल कार्यालय, कञ्चनपुर गरिएको छ।

७. सेवा पदक महलको क्रमाङ्क ३,४,५,६,७,८,९,१०,११,१२,१३,१४,१६,१७,१८ लाई क्रमैसंग क्रमाङ्क १,२,३,४,५,६,७,८,९,१०,११,१२,१३,१४,१५ कायम गरिएको छ।

हुकुम बक्से बमोजिम,

रञ्जनराज खनाल

श्री ५ महाराजाधिराजका प्रमुख सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।